राजधानी आर्थिक

सुन चाँदी

छापावाल प्रतितोला - रु.१,९०,४००/-
चाँदी प्रतितोला - रु.२,००५/-
(यो दर शुक्रबारको हो)

● 'एभरेस्ट समिटर्स समिट' हुँदै

विश्वभरका आरोही काठमाडौंमा भेला हुने

राजधानी समाचारदाता
काठमाडौं, १० जेठ

नेपालमा अन्तर्राष्ट्रिय 'एभरेस्ट समिटर्स समिट-२०२५' आयोजना हुने भएको छ। एभरेस्ट एलायन्स नेपालको आयोजनामा नेपालमा आगामी मंगलबार काठमाडौंमा पहिलोपटक अन्तर्राष्ट्रिय एभरेस्ट समिटर्स समिट आयोजना हुने भएको हो। राजधानीमा शनिबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष सुदर्शन नेपालले यस्तो जानकारी गराइएका हुन्।

सम्मेलनमा नेपालका साथै विश्वका विभिन्न देशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सगरमाथा आरोहीको विशेष जमघट रहने छ। उनले सम्मेलनले पर्वतारोहण विज्ञ, नीति निर्माता, संरक्षणविद, पर्यटन सरोकारवाला, हिमाली क्षेत्रका स्थानीयलगायत पर्यटन व्यवसायी, शेर्पा, ट्रेकर, तथा पर्वतीय संस्कृतिलाई प्रतिनिधित्व गर्ने समुदायलाई एउटै मञ्चमा ल्याइ दिगो पर्यटन प्रवर्धन, हिमाली वातावरणीय संरक्षण, र स्थानीय समुदायको उत्थानबारे अन्तर्राष्ट्रिय सहकार्यका छलफल गर्ने अवसर प्रदान गर्ने बताए। अध्यक्ष नेपालले अदम्य साहस बोकेका साहसी आरोहीलाई एकैस्थानमा उपस्थित हुने यस मञ्चमा हालसम्म १६ देशका १ सय ७७ भन्दा बढी अनुभवी पर्वतारोहीको सहभागिता सुनिश्चित भइसकेको जानकारी दिए। सम्मेलनमा भारत, चीन, अमेरिका, पाकिस्तान, अष्ट्रिया, बेलायत, इटाली, नर्वे, इरान, सिंगापुर, अस्ट्रेलिया, लेबनान, मोरक्को, युएईलगायतबाट आरोही एवं सरोकारवाला सहभागी हुनेछन्।

एभरेस्ट समिटर्स समिटको मुख्य विशेषता विश्वभरका सगरमाथा आरोहण सम्पन्न गरेका आरोहीलाई एउटै मञ्चमा भेला गराई प्रेरणादायी यात्राका कथा, सफलताको अनुभूति, संघर्षका क्षण र सिकाइका पाटा प्रस्तुत गर्ने रहेको छ। सम्मेलनमा सन् १९५३ मा सर एडमण्ड हिलारीसँगै पहिलोपटक सगरमाथा आरोहण गरेका सदस्य कान्छा शेर्पालाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरी सम्मानित गरिने छ। सम्मेलनका अन्य आकर्षणमा आरोहणका चुनौती, महिला सहभागिता, जलवायु संकट, सुरक्षित प्रविधिलगायत विषयमा गोष्ठी, एभरेस्ट सम्मान समारोह, हिमाली सांस्कृतिक महोत्सव, चित्रकला तथा पर्वतीय जीवनशैली झल्काउने झाँकी, फोटो प्रदर्शनी र उपकरण प्रदर्शनी सञ्चालन गरिने छ।

समृद्धि फाइनान्स अध्यक्षमा मिश्र

काठमाडौं/रास- समृद्धि फाइनान्स कम्पनी लिमिटेडको सञ्चालक समिति अध्यक्षमा अजयकुमार मिश्र नियुक्त भएका छन्।

नवनियुक्त अध्यक्ष मिश्रले नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलसमक्ष औपचारिक रूपमा पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन्।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रियस्तरको समृद्धि फाइनान्स कम्पनी लिमिटेडले हाल १३ वटा शाखामार्फत् सेवा दिँदै आएको जनाएको छ।

सिटिजन्स बैंकद्वारा आवाज नेपाललाई सहयोग

काठमाडौं/रास- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत लामो समयदेखि निरन्तर रूपमा एकल महिला र बालबालिकाको अधिकार, न्याय, मानव अधिकार, मानव ओसारसार, द्वन्द्व प्रभावित र घरेलु हिंसाजस्ता विषयमा सशक्तिकरणका लागि काम गर्दै आएको कर्णाली प्रदेशको सुर्खेतस्थित आवाज नेपाललाई सहयोग प्रदान गरेको छ।

विभिन्न दाताबाट प्राप्त सहयोगबाट सञ्चालन भइरहेको र करिब ४० जना महिला र बालबालिकालाई सहयोग गरिरहेको सो संस्थालाई बैंकले करिब २ महिनासम्म पुग्नेगरी सरसफाई तथा उपभोग्य सामग्री उपलब्ध गराएको जनाएको छ।

संस्थामा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोगस्वरूप महिला र उनका बालबालिकालाई सामग्री हस्तान्तरण गरेका थिए। प्रमुख कार्यकारी अधिकृत पोखरेलले संस्थालाईबैंककोप्रयासमा सहयोग गर्न पाउँदा आफूलाई धेरै खुशी महशुस भएको बताए।

संस्था तथा त्यहाँ रहेका बालबालिकाको प्रगतिको कामना गर्दै उनले यस्ता संस्थाहरूलेएकल महिला र बालबालिका अधिकारे हेरचाहका लागि समाजमा उदाहरणीय काम भएको बताए।

'संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम'अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदिजस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बैंकले आगामी दिन पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ।

सिटिजन्स बैंकले देशभर ६१ जिल्लामा फैलिएका २ सय शाखा, १ सय ६८ एटीएम, ३ विस्तारित काउन्टर र ७४ शाखासहित बैंकिङ ईकाइबाट १८ लाख ९१ हजारभन्दा बढी ग्राहकलाई आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ।

स्ट्यान्डर्ड चार्टर्ड बैंकले पायो छैटौंपटक 'एएए' रेटिङ

काठमाडौं/रास- स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडले क्रेडिट रेटिङ संस्था आईसीआरए नेपालबाट छैटौंपटक आईसीआर एएनपी-आइआरे 'एएए' रेटिङ प्राप्त गरेको छ।

यो रेटिङले बैंकले वित्तीय दायित्व समयमै पूरा गर्न उच्च सक्षमता राखेको देखाएको भन्दै सो बैंकले यसले लगानीकर्ताको जोखिम न्यूनतम हुने बताएको छ।

आईसीआरए नेपालले बैंकको पूँजी स्थिति, जोखिम व्यवस्थापन क्षमता र सम्पत्तिको गुणस्तर मजबुत भएकाले यो रेटिङ दिएको सो बैंकले जनाएको छ।

बैंकका अनुसार चालू वर्षको मध्यअप्रिलसम्म बैंकको पूँजी पर्याप्तता अनुपात (सीआर एआर) १७ दशमलव ४४ प्रतिशत र टियर-१ पूँजी १५ दशमलव १५ प्रतिशत रहेको छ।

जुन नेपाल राष्ट्र बैंकको न्यूनतम मापदण्ड ११ प्रतिशत र ८ दशमलव ५ प्रतिशतभन्दा धेरै बढी हो।

बैंकको नन-पर्फर्मिङ लोन (एनपीएल) १ दशमलव ४४ प्रतिशतमात्र रहेको छ। जुन 'क' वर्गका बैंकहरूको औसत ५ दशमलव ०५ प्रतिशतभन्दा कम छ। यसले बैंकको उधारी प्रणाली, जोखिम नियन्त्रण र प्रतिस्पर्धी ब्याजदर दिने क्षमतामा सुदृढता रहेको देखाउँछ।

बैंकका प्रमुख कार्यकारी अधिकारी (सीईओ) तथा हेड अफ कभरेज गोरख राणा भन्छन्, 'छैटौंपटक 'एएए' रेटिङ प्राप्त गर्नु हाम्रो सेवा प्रतिको निरन्तर प्रतिबद्धता र विश्वसनीयताको प्रतिबिम्ब हो, यसमा ग्राहक, लगानीकर्ता र हाम्रा समर्पित कर्मचारीहरूको योगदान अमूल्य छ।'

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपालमा करिब ७० प्रतिशत स्वामित्व स्ट्यान्डर्ड चार्टर्ड समूहको रहेको छ। बैंक नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत छ र नेपालभर सबैभन्दा कम लागतमा जम्मा संकलन गर्ने बैंकका रूपमा स्थापित छ।

'नेपाललाई शान्ति पर्यटन विश्व केन्द्रका रुपमा स्थापित गर्न सकिन्छ'

राजधानी समाचारदाता
काठमाडौं, १० जेठ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपाललाई बौद्ध, अध्यात्म र शान्ति पर्यटनको विश्व केन्द्रका रूपमा स्थापित गर्न सकिने बताएका छन्। काठमाडौं सोल्टी होटलमा सञ्चालित 'तेस्रो बुद्धिस्ट इन्टरनेसनल ट्राभल मार्ट (बीआईटीएम) २०२५' उद्घाटन गर्दै मन्त्री पाण्डेले यस्तो बताएका हुन्। मार्ट आइतबार (आज)सम्म चल्ने छ। मन्त्री पाण्डेले नेपाललाई बौद्ध सांस्कृतिक सम्पदाको केन्द्र बनाउँदै आध्यात्मिक पर्यटकलाई आकर्षित गर्न सरकार प्रतिबद्ध रहेको बताए।

'बुद्धको जन्मभूमि लुम्बिनीबाट सुरु भएको शान्तिको सन्देश आज पुनः नेपालबाटै विश्वभर फैलाउने समय आएको छ,' मन्त्री पाण्डेले भने, 'लुम्बिनीलाई 'अन्तर्राष्ट्रिय शान्ति सहर'का रूपमा विकास गर्नेछ। बुद्धको जन्मस्थल लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ति सहरका रूपमा विकास गर्न सरकार प्रतिबद्ध छ।'

लुम्बिनीमा कपिलवस्तु, रामग्राम, देवदह र तिलौराकोटलगायत प्रमुख सर्किटमा केन्द्रित हुँदै बौद्ध पर्यटनलाई प्राथमिकता दिइएको छ,' मन्त्री पाण्डेले भने।

बौद्ध पर्यटन प्रवर्धनका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान र सडक सञ्जाल प्रभावकारी पहुँच स्थापित गर्ने काम भइरहेको दावीसहित मन्त्री पाण्डेले युनेस्को प्रतिनिधिसँगको पछिल्लो संवादलाई उल्लेख गर्दै लुम्बिनीलाई जोखिमयुक्त सूचीमा नराख्न आग्रह गरे।

यसैगरी, तिलौराकोटलाई युनेस्कोको सम्भावित सूचीमा समावेश गराउन सरकारले पहल गरिरहेको जानकारी गराउँदै मन्त्री पाण्डेले मुलुक शान्ति र समृद्धिको नयाँ युगतर्फको यात्रामा रहेकाले विश्व शान्तिको चाँहना राख्नेलाई नेपाल भ्रमण गर्नसमेत आग्रह गरे।

पर्यटनमन्त्री पाण्डेले नेपाललाई बौद्ध, अध्यात्म र शान्ति पर्यटनको केन्द्र बनाउन प्रतिबद्धता व्यक्त गरे। उनले लुम्बिनीलाई 'अन्तर्राष्ट्रिय शान्ति सहर' बनाउने र बौद्ध पर्यटन प्रर्वधन गर्ने योजना सार्वजनिक गरे।

कार्यक्रममा मन्त्री पाण्डेले नाट्टाका पूर्वअध्यक्षहरूलाई सम्मान गरेका थिए। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) र नेपाल पर्यटन बोर्डको आयोजनामा सुरु भएको हो।

ट्राभल व्यवसायीको छाता संस्था नाट्टाद्वारा आयोजित मार्टमा विभिन्न होटल, ट्राभल, ट्रेकिङ कम्पनी एवं पर्यटन सेवाका कम्पनी र गाडीको स्टल रहेका छन। सो मार्ट अवधिभर विभिन्न सेसनमा छलफल हुने आयोजक संस्था नाट्टाले जनाएको छ।

नाट्टा अध्यक्ष कुमारमणी थपलियाले यो कार्यक्रम आयोजना गरिनुको उदेश्यबारे जानकारी गराएका थिए।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले मार्ट पर्यटन क्षेत्रको अन्तर्राष्ट्रिय बजारीकरणका लागि निकै उपलब्धिमुलक हुने अपेक्षा गरिएको बताए।

मार्टमा पर्यटन क्षेत्रका विभिन्न संघ संस्थाका प्रतिनिधी तथा सरोकारवालालागयत सहभागी रहेको जनाइएको छ।

रिलायबल इन्स्योरेन्सद्वारा घातक रोग बीमा दावी प्रदान

काठमाडौं/रास- रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले २० लाख रूपैयाँको घातक रोगबापतको बीमा दावी भुक्तानी गरेको जनाएको छ।

२०७७ चैतमा कम्पनीको हाकिमचोक शाखा, भरतपुर, चितवनबाट १५ वर्षको बीमा अवधि रहनेगरी २० लाखको जीवनबीमा बीमालेख खरीद गरेका भरतपुर-३, चितवन निवासी महेश बानियाँलाई सो रकम दावी भुक्तानी हस्तान्तरण गरेको हो। हाकिमचोक शाखामा आयोजित कार्यक्रममा शाखा प्रमुख राजकुमार दाहालले सो दावी रकम २० लाखको चेक बीमितलाई हस्तान्तरण गरेका थिए।

बीमितले तीन किस्तामात्र बीमाशुल्क भुक्तानी गरेको अवस्थामा २०८० सालको वैशाखमा पुरानो मेडिकल कलेज, भरतपुरमा सामान्य चेकजाँचका क्रममा कलोजोसम्बन्धी समस्या देखापरेको थियो। त्यसपछि थप उपचारका लागि उनलाई मेडीसिटी अस्पताल, काठमाडौं लगिएको र चिकित्सको सल्लाहबमोजिम नै कलेजो प्रत्यारोपण गरिएको थियो।

नेपालमा अत्यन्तै महंगो उपचार मानिने कलेजो प्रत्यारोपणका लागि झन्डै ४० लाखसम्म खर्च लाग्ने गर्दछ। बीमितले सोही समय कम्पनीलाई गराएको जानकारीबमोजिम नै प्रक्रिया अगाडि बढाइएको सो कम्पनीले जनाएको छ।

राजविराजमा बजाजको ग्रान्ड एक्सचेन्ज मेला

काठमाडौं/रास- नेपालका लागि बजाज मोटरसाइकलको आधिकारिक वितरक एवं बिक्रेता हंशराज हुलास चन्द एन्ड कम्पनीले राजविराज रूपनीमा 'बजाज ग्रान्ड एक्सचेन्ज मेला' हुने जनाएको छ।

जुनसुकै मोडल र ब्रान्डको मोटरसाइकलसँग बजाजका विभिन्न मोडलका मोटरसाइकल साटासाटको आकर्षक योजना आइतबार (आज)देखि शुक्रबारसम्म चल्ने कम्पनीले जनाएको छ।

राजविराजको रूपनी रोड आयोजना हुने मेलामा ग्राहकले मात्र नेपाली नागरिकताको आधारमा बजाजका बाइक फाइनान्स गर्न सक्ने छन्।

शून्य सर्भिस चार्ज, अन द स्पट फाइनान्स, थप १० हजार रूपैयाँ अतिरिक्त भ्यालुएसन, निःशुल्क एसेसरिज र आर्कषक छुटसहितको योजना ल्याएको कम्पनीले जनाएको छ।

झन्डै ७० भन्दा धेरै देशमा लोकप्रियता हासिल गरेको बजाज मोटरसाइकलको यो साटासाट कार्यक्रमअन्तर्गत तुरुन्त फाइनान्स व्यवस्था गरिनुका साथसाथै योजनाअन्तर्गत मोटरसाइकल साटासाट गरेका ग्राहकलाई निःशुल्क बजाज मोटरसाइकल तत्काल उपलब्ध गराउने व्यवस्था पनि गरिएको कम्पनीले जनाएको छ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ११ गते आइतबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरु बाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) शाखा कार्यालय : चावहिल शाखा कर्जा शीर्षक : मुक्तिनाथ सहुलियत कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा

ऋणीको विवरण

नाम : **विष्णु सप्लायर्स** प्रोप्राइटरको नाम : विष्णु माया धिमिरे श्रेष्ठ प्रा.फ.र.नं. : ३-३५-३८२-१५७९७९/२०७७/७८
दर्ता गर्ने कार्यालय : वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग दर्ता मिति : २०७७/१०/०५
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. ७ स्थायी लेखा नं. : ६१४८४७१८७

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) तिलक बहादुर धिमिरेको छोरी हरि बहादुर श्रेष्ठको बुहारी दिपक श्रेष्ठको पत्नी सिन्धुपाल्चोक जिल्ला तौथली गा.वि.स. वडा नं. ८ हाल, काठमाडौं जिल्ला काठमाण्डौ म.न.पा. वडा नं. ७ बस्ने **विष्णु माया धिमिरे (श्रेष्ठ)** (ना.प्र.नं. : २४-०-७०-०६४५६ जारी मिति र जिल्ला : २०७०/१२/१८, सिन्धुपाल्चोक)

२) गोरे बहादुर श्रेष्ठको नाति हरि बहादुर श्रेष्ठको छोरा सिन्धुपाल्चोक जिल्ला तौथली वडा नं. ८ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **दिपक श्रेष्ठ** (ना.प्र.नं. : १३४५००, जारी मिति र जिल्ला : २०६१/०२/०३, सिन्धुपाल्चोक)

३) बलराम श्रेष्ठको छोरी हरि बहादुर श्रेष्ठको बुहारी दिनेश कुमार श्रेष्ठको पत्नी सिन्धुपाल्चोक जिल्ला तौथली वडा नं. ८ हाल, काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ७ बस्ने **विमला श्रेष्ठ** (ना.प्र.नं. : २४१०१८/२०, जारी मिति र जिल्ला : २०६६/०९/१३, सिन्धुपाल्चोक)

२) शाखा कार्यालय : महराजगंज शाखा कर्जा शीर्षक : प्रोफेशनल कर्जा

ऋणीको विवरण

रामेश्वर प्रसाद यादवको नाति सरोज कुमार यादवको छोरा सप्तरी जिल्ला वथनाहा गा.वि.स. वडा नं. १ हाल, महादेवा गा.पा. वडा नं. ३ बस्ने **अविनास यादव** (ना.प्र.नं. : १६-०१-७०-०८४४० जारी मिति र जिल्ला :२०७०/१२/१८, सप्तरी)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

रामेश्वर प्रसाद यादवको नातिनी सरोज कुमार यादवको छोरी सप्तरी जिल्ला वथनाहा गा.वि.स. वडा नं. १ हाल, महादेवा गा.पा. वडा नं. ३ बस्ने **वर्षा यादव** (ना.प्र.नं. : १६१०३१/४०९ जारी मिति र जिल्ला : २०७०/०१/१९, सप्तरी)

३) शाखा कार्यालय : दमक शाखा कर्जा शिर्षक : साधारण कर्जा

ऋणीको विवरण

बिर बहादुर थापाको नाति झरिलाल थापाको छोरा झापा जिल्ला पथरिया गा.वि.स. वडा नं. ९ हाल, दमक न.पा. वडा नं. ६ बस्ने **अमर कुमार थापा** (ना.प्र.नं. : ५७०९८/१ जारी मिति र जिल्ला : २०५१/११/३०, झापा)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) टंकबहादुर काफ्लेको छोरी झरिलाल थापाको बुहारी अमर कुमार थापाको पत्नी झापा जिल्ला पथरिया वडा नं. ९ हाल, दमक न.पा. वडा नं. ६ बस्ने **हरि माया थापा** (ना.प्र.नं. : ०३/४१०१ जारी मिति र जिल्ला : २०६३/०२/२९, झापा)

२) जंग बहादुर कपालीको नाति राम बहादुर कपालीको छोरा झापा जिल्ला दमक वडा नं. १२ हाल, दमक न.पा. वडा नं. ६ बस्ने **कृष्ण कुमार कपाली** (ना.प्र.नं. : २३११५१६३ जारी मिति र जिल्ला : २०४६/०३/०९, झापा)

४) शाखा कार्यालय : डुम्रे शाखा कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

गँगा बहादुर रिलामीको बुहारी दल बहादुर रिलामीको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १३ बस्ने **रेनु रिलामी** (ना.प्र.नं. : ४३-०१-७३-०१४५८ जारी मिति र जिल्ला : २०७३/०२/१६, तनहुँ)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

बम बहादुर तामाङको नाति दान बहादुर तामाङको छोरा सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ६ हाल, तनहुँ जिल्ला व्यास न.पा. वडा नं. १३ बस्ने **सँजिव तामाङ** (ना.प्र.नं. : ०६१०४२/१६४७०३ जारी मिति र जिल्ला : २०६८/०२/१८, सुनसरी)

५) शाखा कार्यालय : कुमारीपाटी शाखा कर्जा शीर्षक : प्रोफेसनल कर्जा

ऋणीको विवरण

हिद्ध बहादुर रोकायको नाति जुद्ध बहादुर रोकाको छोरा रुकुम जिल्ला खोलागाउँ गा.वि.स. वडा नं. २ हाल, ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. १ बस्ने **डिल्ली जंग रोकाय** (ना.प्र.नं. : ६५१०२९/३३७ जारी मिति र जिल्ला : २०६८/०१/०५, रुकुम)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) खडक बहादुर चन्दको छोरी जुद्ध बहादुर रोकाको बुहारी डिल्ली जंग रोकायको पत्नी रुकुम जिल्ला चौरजहारी न.पा. वडा नं. १० हाल, ललितपुर जिल्ला महालक्ष्मी न.पा. वडा नं. १ बस्ने **सुप्रभा चन्द रोकाय** (ना.प्र.नं. : ५६-०१-७७-०२५१८ जारी मिति र जिल्ला : २०७७/०९/०९, रुकुम)

२) गणेश बहादुर खड्काको नाति गोपाल खड्काको छोरा काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ३ हाल, काठमाण्डौ जिल्ला किर्तिपुर वडा नं. ९ बस्ने **अनुप खड्का** (ना.प्र.नं. : ७४०८ जारी मिति र जिल्ला : २०५०/०१/१८, काठमाडौं)

६) शाखा कार्यालय : टाँडी शाखा कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

भदै चौधरीको नाति, राम दिन चौधरीको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ३ हाल, रत्ननगर न.पा वडा नं. ३ बस्ने **कृष्ण चौधरी** (ना.प्र.नं. : ३५१०२०/१५६३ जारी मिति र जिल्ला २०६८/०३/२६, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) भदै चौधरीको नाति राम दिन चौधरीको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ३ हाल, रत्ननगर न.पा. वडा नं. ३ बस्ने **सुरेश चौधरी** (ना.प्र.नं. : ०४६५५६ जारी मिति र जिल्ला २०६६/०४/१६, चितवन)

२) निलकण्ठ नेपालको नाति लिलानाथ नेपालको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ३ हाल, रत्ननगर न.पा वडा नं. ३ बस्ने **विनोद नेपाल** (ना.प्र.नं. : ३५१०२०/५९४ जारी मिति र जिल्ला २०६७/०६/०५, चितवन)

७) शाखा कार्यालय : टाँडी शाखा कर्जा शीर्षक : साधारण कर्जा

ऋणीको विवरण

द्वारीका नाथ लामाको नाति दल बहादुर लामाको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ७ हाल, रत्ननगर न.पा. वडा नं. ९ बस्ने **चन्द्र लामा** (ना.प्र.नं. : ७८३२/०६१ जारी मिति र जिल्ला २०६१/०२/१०, चितवन)

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) जय भद्र लामाको नाति द्वारीका नाथ लामाको छोरा चितवन जिल्ला रत्ननगर वडा नं. ९ हाल, रत्ननगर न.पा वडा नं. ९ बस्ने **दल बहादुर लामा** (ना.प्र.नं. : २९१६ जारी मिति र जिल्ला २०३७/१२/१५, चितवन)

२) नेपाल जङ्ग तमाङको छोरी बाबुराम तमाङको बुहारी पशुपति तमाङको पत्नी चितवन जिल्ला रत्ननगर वडा नं. २ हाल, रत्ननगर न.पा. वडा नं. २ बस्ने **सर्मिला तमाङ** (ना.प्र.नं. : ३५०४९००३ जारी मिति र जिल्ला : २०६६/११/२१, चितवन)

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ